आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राकमकर्णाली दैलेख

आठबीस नगरपालिका नगर कार्यपालिकाको कार्यालय राकमकर्णाली, दैलेख कर्णाली प्रदेश, नेपाल

---

जनस्वास्थ्य अधिकृत पदको पाठ्यक्रम

क) सेवा सम्बन्धी परिक्षाः १०० पूर्णाङ्क (विषयगत प्रश्न १०*१०=१००) समय ३ घण्टा

ख) अन्तर्वार्ताः ३० पूर्णाङ्क

स्वास्थ्य/ हेल्थ इन्सपेक्सन समुहको जनस्वास्थ्य अधिकृत पदको पाठ्यक्रम

- प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको जनस्वास्थ्य अधिकृतको दोश्रो पत्रको पाठ्यक्रम
- स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका शशर्त अनुदान अन्तर्गतका क्रियाकालापहरु संचालन सम्वधी मार्गदर्शनको "म स्वस्थ मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रममा" उल्लेखित कार्य विवरण,

"म स्वस्थ मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रममा

नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। जनस्तरवाटै जनताको स्वास्थ्यस्तरमा सुधार ल्याउने उदेश्यले संघीय संरचना अन्तरगत स्थानीय तहहरुलाई आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन र सेवा प्रवाहको प्रमुख जिम्मेवारी प्रदान गरिएकोछ। यसै सन्दर्भमा स्वास्थ्य क्षेत्रको हालसम्म हासिल गरेका उपलव्धीहरुलाई संस्थागत गर्दै नेपालको संविधान, राष्ट्रिय स्वास्थ्य नीति, संघीय एवं प्रादेशिक नीति तथा योजना एवं अन्तराष्ट्रिय प्रतिवद्धता, सम्झौता, घोषणा साथै सम्वन्धित अन्य दस्तावेजहरुको......

CamScanner

आधारमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क, गुणस्तरिय सेवामा प्रत्येक नागरिकको पहुँच, आकस्मिक सेवामा सबैको निर्वाध रुपमा पहुँच तथा आफ्नो उपचारको सम्बन्धमा जानकारी पाउने अधिकार, प्रत्येक महिलालाई सुरक्षित मातृत्व एवम् प्रजनन् स्वास्थ्यको सुनिश्चितता गर्न संविधान प्रदत्त जनस्वास्थ्यका विषयको प्रभावकारी कार्यान्वयन गर्न, अस्वस्थकर जीवनशैलीका कारण वढ्दो नसर्ने रोगको भारलाई न्यूनीकरण गर्न, रोग लागेपछि उपचारमात्र होइन रोग लाग्नै नदिन व्यक्ति र समुदायस्तरबाटै प्रवर्द्धनात्मक कार्यक्रमलाई केन्द्रित गरी **"म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम"** तय गरी एक स्थानीय तहः एक जनस्वास्थ्य अधिकृतको व्यवस्था गरिएको छ। प्रत्येक स्थानीय तहमा निर्वाचित प्रमुख तथा पदाधिकारी र कार्यकारी प्रमुख प्रति प्रत्यक्ष उत्तरदायी र जवाफदेही हुने गरि खटिएका जनस्वास्थ्य अधिकृतहरूको नीति, कार्यक्रम, रणनीति र जनस्वास्थ्य कार्यक्रम तथा अभियानहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका, जिम्मेवारी तथा अधिकार रहने छ।

**उद्देश्यहरूः**

स्थानीय तहहरूमा देहाएका उद्देश्य हासिल गर्नका लागि जनस्वास्थ्य अधिकृतहरू खटाईनेछ।

- सम्बन्धित गाउँ/नगरपालिकामा समग्र जनस्वास्थ्य प्रणालीको सबलीकरण र सुदृढीकरण गर्न सहयोग गर्नु।
- तथ्यमा आधारित योजना तर्जुमा, अभिलेखीकरण तथा कार्यान्वयन तथा प्रतिवेदनमा प्राविधिक नेतृत्व प्रदान गर्नु। जनस्वास्थ्य कार्यक्रमहरूको सञ्चालन, समन्वय, निगरानी गर्नु।
- स्वास्थ्य कार्यक्रमहरूको सञ्चालन, समन्वय, निगरानी र सहयोगात्मक सुपरिवेक्षण तथा मूल्याङ्कन गर्नु।
- बहुपक्षीय समन्वयद्वारा सर्ने, नसर्ने तथा मानसिक रोग रोकथाम, नियन्त्रण तथा व्यवस्थापन तथा गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्थापनमा पैरवी तथा सहजीकरण गर्नु।
- समुदाय केन्द्रित जनस्वास्थ्य कार्यक्रम, विद्यालय स्वास्थ्य कार्यक्रम, नागरिक आरोग्य जस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि नेतृत्व गर्नु।
- प्रत्यायोजित अधिकारको अधिनमा रही तोकिए बमोजिमका कार्यक्रम तथा क्रियाकलापहरू गर्ने।

**कार्य विवरण (Job Descriptions)**

| | |
|---|---|
| पद (Post) | जनस्वास्थ्य अधिकृत |
| तह (Level) | अधिकृत सातौं |
| सेवा (Service) | नेपाल स्वास्थ्य |
| समुह (Group) | हेल्थ इन्सपेक्सन |
| न्युनतम शैक्षिक योग्यता (Minimum Acedemic Qualifications) | जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह योग्यता हासिल गरेको |
| उत्तरदायित्व Responsible to | प्रमुख प्रशासकीय अधिकृत |
| सुपेरिवेक्षण (Supervision) | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य विषय हेर्ने प्रादेशिक स्वास्थ्य मन्त्रालय तथा निर्देशनालय, जिल्ला स्थित स्वास्थ्य कार्यालय सम्बन्धित स्थानीय तह |
| सम्बन्ध (Relation) | स्थानीय तह स्वास्थ्य शाखा, तालुक निकाय तथा मातहातका स्वास्थ्य संस्थाहरू. |



CamScanner

| | |
|---|---|
| | अस्पतालहरू, निजी क्षेत्र, गैरसरकारी संस्थाहरू, विषयगत कार्यालय तथा निकायहरू |
| कार्यक्षेत्र (Scope) | यो कार्यविधि स्थानीय तहहरूमा लागू हुनेछ, नेपाल सरकारले छुट्टाएको बजेट अनुसार सम्बन्धित स्थानीय तहबाट जनस्वास्थ्य अधिकृतको पदस्थापन हुनेछ, स्थानीय तह र अन्तर्गत प्रदान गरिने प्रतिकारात्मक, प्रवर्द्धनात्मक सेवाको कार्यान्वयन, समन्वय, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने तथा तपसिलमा उल्लेखित कार्यसम्पादन गर्ने गरि जनस्वास्थ्य अधिकृतको प्रमुख कार्य तथा जिम्मेवारीहरू (ToR) तय गरिएको छ। |
| सेवा अवधि र मूल्याङ्कन | सेवाको प्रकार: सेवा करार<br>सेवा अवधिः चालु आर्थिक वर्षको १० महिनाका लागि पुग्ने गरी रकम व्यवस्थापन गरिएको छ। स्थानीय तहले आवश्यक ठानेमा स्थानीय तहको स्रोतबाटै तलब भत्ता व्यवस्थापन हुने गरी सेवा अवधि थप गर्न सक्नेछ।<br>छनौट प्रकृयाः प्रचलित नियमानुसार प्रतिस्पर्धाका आधारमा कर्मचारी नियुक्ति गर्नु पर्नेछ।<br>कार्यसम्पादन मूल्याङ्कनः गुणस्तर, समन्वय तथा नवप्रवर्तनलाई मूल्याङ्कनका आधार मानी अर्धवार्षिक र वार्षिक रुपमा गरिनेछ।<br>कर्मचारीको नियुक्ति पश्चात कर्मचारीको नाम, मोवाइल नम्वर, इमेल आदि विवरण खुलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई जानकारी दिनु पर्नेछ। |

**जनस्वास्थ्य अधिकृतको प्रमुख कार्य विवरण तथा जिम्मेवारीहरू (Term of Reference)**

**योजना तर्जुमा, नीति र कार्यान्वयन**

- स्थानीय तहका स्वास्थ्य सूचकांक पहिचान एवम् विश्लेषण गरि तथ्यमा आधारित (Evidence-Based), नवप्रवर्तनकारी कार्यक्रमहरू सहितको योजना तर्जुमा प्रस्तुत गर्ने, स्थानीय स्वास्थ्य नीति तर्जुमामा सहजीकरण गर्ने।
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय स्वास्थ्य नीति, रणनीति, कार्ययोजना र निर्देशिकाहरूको पालना गरी स्थानीय अवस्था र आवश्यकता अनुसार तथ्यमा आधारित योजना तर्जुमा तथा कार्ययोजना तयार गर्न प्राविधिक नेतृत्व प्रदान गर्ने।
- स्थानीय तहको परिवार स्वास्थ्य प्रोफाइल (Family Health Profile) तयार गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने।

**जनस्वास्थ्य कार्यक्रमहरू व्यवस्थापन, सञ्चालन तथा सहजीकरण**

- बाल स्वास्थ्य (खोप, पोषण तथा ५ वर्ष मुनिका वालवालिकाहरूको रोगको एकीकृत व्यवस्थापन कार्यक्रम) परिवार स्वास्थ्य (परिवार नियोजन, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य) रोग नियन्त्रण (क्षयरोग, कुष्ठरोग, एचआईभी/एड्स, मलेरिया, कालाजार लगायत कीटजन्य रोगहरू), स्वास्थ्य आपूर्ति व्यवस्थापन कार्यक्रम लगायतका आधारभूत स्वास्थ्य सेवा तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।



CamScanner

- जनस्वास्थ्य आपतकालिन अवस्थाहरू जस्तै, संक्रामक रोगहरूको महामारी, बाढी, पहिरो, भूकम्प पश्चात् हुने विपद आदिको, पूर्व तयारी, आपतकालीन व्यवस्थापन सहजीकरण र प्रतिकार्य योजना कार्यान्वयनमा प्राविधिक नेतृत्वका साथै विपद जोखिम सञ्चार र अभिलेख प्रतिवेदन गर्ने।
- स्थानीय द्रुत प्रतिकार्य टोली (RRT) तथा समितीसँग सहकार्य, पैरवी र जनस्वास्थ्य निगरानी तथा वकालत कार्य (Public Health Surveillance) सुदृढीकरण गर्ने।
- जनस्वास्थ्यका राष्ट्रिय, प्रादेशिक तथा स्थानीय अभियानहरू सञ्चालनमा प्राविधिक सहजीकरण गर्ने, (बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन कार्यान्वयन, निरोगी नेपाल अभियान, क्षयरोग मुक्त पालिका अभियान, बाल बिबाह मुक्त अभियान आदि)।
- "क्षयरोग मुक्त पालिका आभियान" सञ्चालनका लागि स्क्रिनिङ, निगरानी, परीक्षण र पहिचानमा पहुँच वृद्धि, गरि, गुणस्तरीय उपचार सेवा सुनिश्चितता र सामुदायिक सहभागिता तथा सचेतना अभिवृद्धि गर्ने कार्यमा संयोजकको भूमिकामा कार्यसम्पादन गर्ने।
- नागरिक आरोग्य कार्यक्रम अन्तर्गत स्वास्थ्य जाँच, जीवनशैली सुधार, समुदाय योग कार्यक्रम संचालनार्थ सम्वन्धित पक्ष र समुदायसँग समन्वय, सहजीकरण गर्ने।
- समुदाय केन्द्रित जनस्वास्थ्यका अभियान तथा क्रियाकलापहरू सञ्चालन सहजीकरण, तथा अनुगमन र सुपेरिवेक्षण गर्ने, स्वास्थ्य कार्यक्रमहरूको तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सहजीकरण गर्ने।

**नसर्ने रोग तथा मानसिक स्वास्थ्य कार्यक्रम व्यवस्थापन**

- "फागुन महिनाः नसर्ने रोगको स्क्रिनिङ महिना" कार्यक्रमलाई प्रभावकारी वनाउन अग्रसरता लिने, जोखिमयुक्त समुह, समुदाय र टोलमा जनस्वास्थ्य प्रबर्द्धन, मेला तथा शिविर साथै स्वास्थ्य संस्था मार्फत नियमित स्क्रिनिङको लागि आवश्यक व्यवस्था मिलाउन सहजीकरण गर्ने; सोको अभिलेख र प्रतिवेदन गर्ने।
- नसर्ने रोगहरू तथा मानसिक स्वास्थ्य सम्वन्धी समुदायमा निरोधात्मक र प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गरी नसर्ने रोगहरू तथा मानसिक स्वास्थ्य समस्याहरू पहिचान, उचित परामर्श, उपचार तथा प्रेषण गर्ने व्यवस्था मिलाउने, सहजीकरण गर्ने।
- कडा तथा दीर्घरोगको उपचार गराइरहेका वा औषधी सेवन गरिरहेका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका स्वास्थ्य संस्थामा जान नसक्ने व्यक्तिहरू तथा अन्य जोखिम समुदायहरूको लगत तयार गर्ने, साथै घरदैलो स्वास्थ्य सेवाको व्यवस्थापन गर्न सहजीकरण गर्ने।
- स्वस्थकर व्यवहार र जीवनशैली, सन्तुलित पौष्टिक आहारको प्रवर्द्धन, रैथाने स्वस्थकर खानपान, स्वस्थ भान्सा र स्वच्छता प्रवर्द्धन, पोषण गृह उद्यान, नमुना तथा स्वस्थ गाउँ, टोल र शहरका लागि पहलकदमी लिने, नसर्ने रोगका कारक तत्वहरू निरुत्साहित गर्ने अभियान सञ्चालन गर्ने।

**बहुक्षेत्रीय समन्वय**

- एक स्वास्थ्य रणनीति (One Health Strategy) को अवधारणा कार्यान्वयनको लागि सम्वन्धित पक्षहरूसँग आवश्यक समन्वय, पैरवी र सहजीकरण गर्ने।
- हरेक नीतिमा स्वास्थ्य अवधारणा (One Health Concept) बमोजिम स्थानीय तहका अन्य शाखा (शिक्षा, कृषि तथा पशुपन्छी विकास, महिला तथा वालवालिका, वन तथा वातावरण, खानेपानी तथा सरसफाई आदि) सँग विभिन्न Cross Cutting Issues मा पैरवी, सहकार्य, नीति र कार्यक्रमगत समन्वय गर्ने।

- स्थानीय तह तथा अन्तर्गतको स्वास्थ्य समिति र सामाजिक विकास समिति तथा जनप्रतिनिधिसँग नियमित समन्वय र पैरवी तथा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति एवम् जनप्रतिनिधिहरूसँग निरन्तर समन्वय गरी जनस्वास्थ्य प्रवर्द्धनका विषयमा सहजीकरण गर्ने, क्षमता विकास कार्य गर्ने।
- पेशागत स्वास्थ्य, खानेपानी गुणस्तर निगरानी, खाद्य सम्प्रभुता तथा स्वच्छता, घरायसी एवम् स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन लगायतका विषयमा नीतिगत सहजीकरण तथा समुदाय स्तरमा गतिविधी सञ्चालन गर्न समन्वय, पैरवी र सहजीकरण गर्ने।
- वातावरणीय स्वास्थ्य र जलवायु परिवर्तनबाट जनस्वास्थ्यमा परेको असर बारेमा अग्रसरता लिई जलवायु परिवर्तन तथा स्वास्थ्य चुनौतीको समाधान सहितको क्लाइमेट हेल्थ रेजिलियन्स स्थानीय तह निर्माणको लागि पैरवी गर्ने।

## स्वास्थ्य सेवा गुणस्तर सुधार

- स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न आवश्यक अनुगमन तथा पृष्ठपोषण गर्ने साथै सेवाग्राहीको गुनासो व्यवस्थापन प्रणाली स्थापना तथा सुदृढीकरण गर्न समन्वय र सहजीकरण गर्ने।
- स्वास्थ्य कार्यक्रमहरूको तालिम आवश्यकता पहिचान गरि सोहि बमोजिम क्षमता अभिवृद्धि, तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन एवम् सहजीकरण गर्ने।
- स्वास्थ्य सुशासनको सूचकहरूले पूर्णता पाउने गरि कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।
- स्वास्थ्य संस्थाहरूको न्यूनतम सेवा मापदण्डको कार्यान्वयन एवम कार्ययोजना पूर्णतामा सहजीकरण गर्ने।
- Nepal Health Facility Registry (NHFR) र Nepal Health Workforce Management Information System (NHWMIS) अनलाइन प्रविष्टि एवम् नियमित अद्यावधिक कार्य गर्ने/गराउने।
- स्वास्थ्य कार्यक्रमका कार्यक्रमगत प्रोटोकल एवम् निर्देशिका बमोजिम कार्यसम्पादन भएको सुनिश्चित गर्ने।

## जनस्वास्थ्य प्रवर्द्धन तथा जनचेतना कार्यक्रम

- स्थानीय तहमा जनस्वास्थ्य जोखिम मूल्याङ्कन एवम् जोखिम समुह पहिचान गरी, उक्त समुहका व्यक्तिहरूको नियमित परीक्षण, परामर्श लगायतका सेवा उपलब्ध गराउनको लागि योजना तर्जुमा गर्ने।
- स्वास्थ्य प्रवर्धन अभियान, स्वास्थ्य सम्बन्धी विभिन्न दिवस मनाउने, सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन, लागुऔषध प्रयोग न्यूनीकरण, नसर्ने रोगको स्क्रिनिङ, मानसिक स्वास्थ्य प्रवर्द्धन, वातावरणीय सरसफाई तथा स्वच्छता, मेला महोत्सवमा स्वास्थ्य प्रदर्शनी आदिको योजना, व्यवस्थापन र सञ्चालनमा सहजीकरण तथा नेतृत्व गर्ने।
- "विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम" सञ्चालन सहजीकरण एवम् पैरवी कार्य, साथै विद्यालय स्वास्थ्य शिक्षक तथा नर्सलाई अभिमुखीकरण कार्य गर्ने। Junk Foods नियन्त्रण लगायतका अभियान सञ्चालन गर्ने। विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरि विद्यालय स्तरमा विद्यार्थी स्वास्थ्य दूत कार्यक्रम सञ्चालन गर्ने, विद्यालय-घर सन्देश प्रवाह अभियान थालनी गर्ने।



CamScanner

- सडक सवारी दुर्घटना नियन्त्रण, अखाद्य वस्तु बिक्री वितरण न्यूनीकरण, कृपिजन्य विपादी न्यूनीकरण क्रियाकलापमा पहलकदमी र पैरवी गर्ने।
- स्वस्थकर जीवनशैलीका लागि शारीरिक व्यायामको प्रोत्साहन गर्न समुदायमा व्यायाम र शारीरिक सक्रियताका अभियान योग तथा खेलकुद कार्यक्रम सञ्चालनका लागि समन्वय गर्ने।
- गाउँ/नगरपालिकाभित्र रहेका खानेपानी मुहान तथा आयोजनाको गुणस्तर निगरानी तथा परीक्षण लगायत सरसफाइको अवस्था अनुगमन, अभिमुखीकरण, अनुशिक्षण प्रदान गर्ने।
- स्थानीय जनप्रतिनिधि, राजनीतिक नेतृत्व, समुदायका अगुवा र सामाजिक सङ्घ संस्था, युवा महिला र अन्य सरोकारवालाका बीचमा "जनस्वास्थ्य संवाद" गर्ने।
- स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारी कार्यन्वयनकालागि स्थानीय तहको योजना तर्जुमा र बजेट व्यवस्थापन कार्यमा सहजीकरण गर्ने, बीमामा नागरिकको आवद्धता वढाउन जनचेतना अभिवृद्धि गर्ने, सूचीकृत सेवा प्रदायक स्वास्थ्य संस्थाहरूसँग स्वास्थ्य बीमाको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने।

**अध्ययन, विश्लेषण, प्रतिवेदन तथा अभिलेखीकरण**

- स्थानीय तहमा सञ्चालन हुने स्वास्थ्य गतिविधिहरू तथा सेवा प्रवाहको नियमानुसार (DHIS2/HMIS, eTB, eLMIS, PAMS आदि) अभिलेख र प्रतिवेदन सुनिश्चित गर्ने र विश्लेषण सहितको मासिक, चौमासिक र वार्षिक समीक्षा गरि प्रतिवेदन तयार गर्ने र तोकिए वमोजिमका निकायमा पेस गर्ने।
- स्थानीय तहमा विद्यमान स्वास्थ्य अवस्था, अवसर तथा चुनौती लगायतका विपयमा अध्ययन, प्रतिवेदन विश्लेषण गरी नियमित जनस्वास्थ्य बुलेटिन, पार्श्वचित्र प्रकाशन गर्ने, तथ्यगत सिफारिस गर्ने।
- सबै कार्यक्रमको दस्तावेजहरू सम्भब भए सम्म Digital Platform मा राख्ने, सफलता र चुनौतीहरूको विश्लेषण सहितको अभिलेख राख्ने र उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने

**सिकलसेल एनिमिया, थालासेमिया लगायतका रक्तजन्य रोगीहरूको सचेतना कार्यक्रम**

| | |
|---|---|
| परिचय | हेमोग्लोविनोप्याथी सम्वन्धी रोग जस्तै सिकलसेल एनिमिया, थालासेमिया आदि देशभरि नै विद्यमान भएपनि नेपालको लुम्विनी र सुदुरपश्चिम प्रदेशमा रोगको भार ज्यादा छ। यी समस्याहरूको सम्वोधनका लागि नेपाल सरकारले विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। हेमोग्लोविनोप्याथी सम्बन्धी रोगहरूको समुदायमा पहिचान तथा व्यवस्थापनका लागि विविध कार्यक्रम सञ्चालन गर्नु पर्दछ। |
| उद्देश्य | हेमोग्लोबीनोप्याथी जस्तै सिकलसेल एनिमिया, थालासेमिया लगायतका रक्तजन्य रोगहरू सम्बन्धी समुदायमा ज्ञान, सीप र धारणाको अभिवृद्धि गरि जनचेतना अभिवृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | • Hemoglobinopathy, Sickle Cell Anaemia and Thalassaemia को बारेमा जनचेतना अभिवृद्धि हुने<br>• Hemoglobinopathy, Sickle Cell Anaemia and Thalassaemia रोगको सुरुकै अवस्थामा पहिचान हुने साथै निदान र उपचारमा सहजता हुने |
| कार्यान्वयन गर्ने निकाय | सम्वन्धित स्थानीय तहहरू |
| सञ्चालन प्रक्रिया | १. स्थानीय तहमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमः |



CamScanner